वर्ष : २१, अंक : २७, काठमाडौं, २०८२ मंसिर १२ गते शुक्रबार, 28 November, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## प्रधानमन्त्री कार्की र लोसपा अध्यक्ष ठाकुरबीच भेटवार्ता



काठमाडौं । प्रधानमन्त्री सुशीला कार्की र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरबीच सिंहदरबारमा भेटवार्ता सम्पन्न भएको छ।

अध्यक्ष ठाकुर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेपछि दुबै नेताबीच आगामी निर्वाचन, राजनीतिक समन्वय तथा विकास योजनासम्बन्धी विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

भेटवार्ताका दौरान प्रधानमन्त्री कार्कीले प्रतिनिधिसभा निर्वाचन फागुन २१ गते शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गर्न लागि वातावरण बनाउनेतर्फ लोसपाको सहयोग अपेक्षा गरिएको बताइन्। उनले सबै दलको सक्रिय सहकार्यले मात्रै लोकतान्त्रिक प्रक्रिया सुदृढ हुनेमा जोड दिइन्।

अध्यक्ष ठाकुरले पार्टी चुनावी तयारीमा लागेको र सम्भावित गठबन्धनका विकल्पबारे छलफल भइरहेको जानकारी दिए। 'हामी स्पष्ट छौं– चुनावमा अवश्य सहभागी हुन्छौं। अहिलेको अवस्थामा चुनाव नै देशको एक मात्र निकास हो,' अध्यक्ष ठाकुरले भने।

त्यस्तै, उनले तराई-मधेशमा विकासका ठूला परियोजनालाई अघि बढाउन सरकारलाई विशेष ध्यान दिन आग्रह गरे। उनका अनुसार, ती परियोजनाले दीर्घकालीन आर्थिक र सामाजिक प्रभाव पार्ने भएकाले सरकारको सक्रियता आवश्यक छ। भेटवार्ता सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको जनाइएको छ।

## मोर्चाले संयुक्तरूपमा चुनावमा होमिने



काठमाडौं । संघीय लोकतान्त्रिक मोर्चाको केन्द्रीय कार्यालय बबरमहल, काठमाडौंमा आज बसेको बैठकले आसन्न राष्ट्रिय सभा सदस्य निर्वाचन, २०८२ तथा प्रतिनिधि सभा निर्वाचन, २०८२ मा सहभागी हुने निर्णय गरेको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष तथा संघीय लोकतान्त्रिक मोर्चाका संयोजक महन्थ ठाकुरको अध्यक्षतामा बसेको बैठकले निर्वाचनलाई भयमुक्त, स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन नेपाल सरकारसँग माग गरेको छ । मोर्चाका घटक दलहरू मिलेर संयुक्त रूपमा निर्वाचनमा जाने निर्णय सर्वसम्मतिले पारित भएको बैठकले जनाएको छ ।

अध्यक्ष ठाकुरले निष्पक्ष निर्वाचन लोकतन्त्रको आधारभूत पक्ष भएको बताउँदै सरकार र सम्बन्धित निकायहरूलाई आवश्यक तयारी र सुरक्षा व्यवस्था सुनिश्चित गर्न आग्रह गरेका छन् ।

## मण्डलको अध्यक्षतामा 'सार्वभौम नागरिक पार्टी' दर्ता



काठमाडौं । गणेश कुमार मण्डलको अध्यक्षतामा 'सार्वभौम नागरिक पार्टी' नामक नयाँ राजनीतिक दल औपचारिक रूपमा दर्ता भएको छ ।


दल दर्ता सम्बन्धी सम्पूर्ण कानुनी प्रक्रिया पूरा गर्दै सम्बन्धित निकायबाट पार्टीले दर्ता प्रमाणपत्र प्राप्त गरेको छ।

पार्टीका अध्यक्ष गणेश कुमार मण्डलले दर्ता प्रमाणपत्र हात प्राप्त गरेपछि यो गठनले राष्ट्रिय राजनीति र नागरिक अधिकारको संरक्षणतर्फ नयाँ विकल्पको सुरुवात गर्ने विश्वास व्यक्त गरेका छन् ।

उनका अनुसार दलले आगामी दिनमा नागरिक स्वतन्त्रता, सुशासन, पारदर्शिता र सामाजिक न्यायलाई प्राथमिकतामा राखेर राजनीतिक गतिविधि अघि बढाउने तयारी गरेको छ ।

सार्बभौम नागरिक पार्टी गठन गरिएको मुख्य कारण देशलाई दलतन्त्रको विभाजन, भ्रष्टाचार, भागबण्डा र अस्थिरताबाट मुक्त गरेर नागरिकतन्त्र केन्द्रित शासन व्यवस्था स्थापना गर्न। दशकौंदेखि दलहरूले देश कब्जा गरे तर नागरिक केवल मतदाता बने–निर्णयकर्त्ता बन्न पाएनन्। यही अन्याय अन्त्य गरेर सत्ता नागरिकमा फिर्ता ल्याउने ऐतिहासिक अभियानका रूपमा यो पार्टी जन्मिएको बताए ।

# संघीय गणतान्त्रिक गठबन्धन 'बस छाप' सहित चुनावी मैदानमा



काठमाडौं । दलित, मुस्लिम, निषाद, थारु, मधेशी, आदिवासी जनजाति, महिला तथा अन्य उत्पीडित जनताको प्राकृतिक राजनीतिक एकताका रूपमा उभिएको संघीय गणतान्त्रिक गठबन्धनले आगामी निर्वाचनका लागि एकल चुनाव चिन्ह "बस छाप" लिएर निर्वाचन मैदानमा जाने निर्णय गरेको छ ।

गठबन्धनका तर्फबाट निर्वाचन आयोगमा औपचारिक रूपमा बस चुनाव चिन्हमा चुनावी मैदानमा होमिने गरी दल दर्ता गराइएको छ ।

गठबन्धनमा समावेश रहेका पूर्वगृह राज्यमन्त्री तथा संविधानसभा सदस्य मो. रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी, हरिनन्दन अम्बेडकर नेतृत्वको बहुजन एकता पार्टी नेपाल तथा धुपलाल प्रसाद सहनी निषाद नेतृत्वको नेपाल जनजागृति पार्टी संयुक्त रूपमा देशभर कार्यान्वयन हुने साझा राजनीतिक संरचनामा आबद्ध भएका छन् ।

नेताहरूले गठबन्धनको मुख्य उद्देश्य नेपाली उत्पीडित जनताको राज्य सत्ताको स्थापना गर्दै, नेपाली जनताको समानताको चाहना सुशासन, देशमै रोजगारको व्यवस्था, सबै किसिमका विकृतिको अन्त्य र शासकीय स्वरूपमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपति, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, देशका सर्वाधिक बहिष्कृत, उत्पीडित तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायको सशक्त प्रतिनिधित्व सुनिश्चित गर्दै राष्ट्रिय राजनीतिमा समावेशिता र परिवर्तनकारी भूमिका सुनिश्चित गर्नु रहेको बताएका छन् ।

उनका अनुसार, दल दर्तासँगै नेपाली राजनीतिको मूलधारमा बहुजन, मुस्लिम, दलित, आदिवासी, मधेसी निषाद समुदाय र श्रमजीवी वर्गको आवाजलाई संस्थागत रूपमा निर्वाचनमार्फत संसदसम्म पुऱ्याउने दृढ प्रतिबद्धता व्यक्त गरिएको छ ।

गठबन्धनले आगामी निर्वाचनदेखि देशभर संगठित अभियान सञ्चालन गर्दै जनतासामु वैकल्पिक, समावेशी र सामाजिक न्यायकेन्द्रित राजनीतिक मार्ग प्रस्तुत गर्ने जनाइएको छ ।

## आन्दोलन हाईज्याक गर्नेहरूले देशलाई अस्थिरतामा फसाए



काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले सुशीला कार्की सरकार र केपी ओलीले मुलुकलाई एकपछि अर्को गरेर नियन्त्रित अस्थिरताको भूमरीमा हालेको गम्भीर आरोप लगाएका छन् । प्रधानमन्त्री कार्की र एमाले अध्यक्ष ओली दुवैले मुलुकलाई महासंकटमा पुर्याएको उनको आरोप छ । प्रधानमन्त्री कार्कीले जेन-जी आन्दोलनको मर्म र भावनालाई कुल्चिएको र एमाले नेतृत्वले त सत्ताको दुरूपयोग गरेर जेन-जी आन्दोलनमा बर्बर दमन गरेको भन्दै दुवै जनाले जेन-जी आन्दोलनमाथि गम्भीर धोका दिएको र अहिले नियन्त्रित अस्थिरता चाहेको साहको आरोप छ ।

सिन्धुपाल्चोकको चौतारा स्थित अरनिको रिसोर्टमा सम्पन्न भएको पार्टीको जिल्ला कमिटीको विस्तारित बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले जेन-जी आन्दोलन भएको भदौ २३ गते सुशीला कार्की, ओमप्रकाश अर्याल, कुलमान घिसिङलगायतको भूमिका हेरिनुपर्ने र २४ भदौमा उनीहरुको सडकमा जबरजस्त उपस्थिति र चहलपहलपनि नियाल्दा जेन-जी युवाहरुको बलमा भएको जनविद्रोहको अपहरण गरिएको आरोप लगाए ।

उनले भने, 'मैले भन्ने गरेको छु, युवाहरुको आक्रोश सही थियो, आन्दोलन पनि सही थियो, तर आन्दोलन कसले अपहरण गर्यो ? सुशीला कार्की, ओमप्रकाश र कुलमानहरुले, यो त छर्लङ्गै भइसक्यो, उनीहरुले जेनजी आन्दोलनको मर्म र भावनामाथि प्रहार गरेका छन् । आज आन्दोलनकारीमाथि धमाधम मुद्दा चल्दैछ, आन्दोलनकारी भन्दै युवाहरुलाई पक्राउ गरिएको छ, तर युवाहरुलाई छाती र टाउकोमा ताकि ताकि गोली हान्ने हत्याराहरु खुलेआम देशलाई चूनौति दिइरहेका छन्, यो सरकारको गृहमन्त्री लाचार देखिएका छन् ।'

गृहमन्त्री अर्यालको कार्यक्षमतामाथि प्रश्न उठाउँदै आजपा अध्यक्ष साहले यस्तो गृहमन्त्री राखेर शान्ति, सुरक्षाको वातावरण बन्न नसक्ने बताए । अहिले जाँचबुझ आयोगको टिओआर अनुसार काम नभएको र आयोगको कार्यअवधि नै सकिन लाग्दासमेत हत्यारा र

बाँकी अन्तिम पृष्ठमा

## संयुक्त नागरिक पार्टीको मधेश प्रदेश भेला सम्पन्न



सर्लाही । संयुक्त नागरिक पार्टी (सनापा) को मधेश प्रदेश भेला सोमबार सर्लाहीको बयलवासमा सम्पन्न भएको छ ।

पार्टीका केन्द्रीय अध्यक्ष दलमर्दन कामीको प्रमुख आतिथ्यतामा भएको उक्त भेलाले नवीन साहलाई अध्यक्षमा चयन गर्दै १९ सदस्यीय प्रदेश समिति गठन गरेको छ ।

जसअनुसार उपाध्यक्षमा राम एक्वाल पण्डित, सचिवमा सुमन लामा, सहसचिवमा सुरेश परियार, कोषाध्यक्षमा लाल बाबु पंजियार, सहकोषाध्यक्षमा सुकमेल पर्वत, सदस्यहरुमा वद्री शाह, दिपेन्द्र माझी, गोविन्द पंजियार, शैलेन्द्र शाह, विरेन्द्र राम, लखिन्द्र राम, विनोद सहनी, आरती कुमारी पंजियार, सविना खत्री, विश्वनाथ महतो, सयम्भु यादव, रितिक मुना यादव र राजकुमार तामाङ रहेका छन् ।

त्यसैगरि सोही भेलाले मधेसका ८ वटै जिल्ला संयोजकहरु समेत तोकेको छ ।

जसअनुसार गोविन्द पंजियार सर्लाही,वद्री शाह महोत्तरी,सयम्भु यादव रौतहट,राम एक्वाल पंडित धनुषा,सुमन लामा बारा,लालबावु पंजियार सिराहा र लखिन्द्र राम सप्तरी रहेका छन् ।

यसैबीच संयुक्त नागरिक पार्टीको विचार, सिद्धान्त मन पराउँदै काँग्रेस, एमाले, मधेशवादी विभिन्न पार्टी परित्याग गरि तीन दर्जन नेता तथा कार्यकर्ता संयुक्त नागरिक पार्टीमा प्रवेश गरेका छन् ।

नव प्रवेशीहरुलाई कार्यक्रमका प्रमुख अतिथि एवम् संयुक्त नागरिक पार्टीका केन्द्रीय अध्यक्ष दलमर्दन कामीले खादा लगाएर स्वागत गर्दै प्रवेश गराए ।

यसरी पार्टी प्रवेश गर्नेहरुमा विजय चौधरी बारा, मनोज राम बारा, दिवाकर पासवान सर्लाही, किसनकुमार पासवान सर्लाही, मंगल पासवान सर्लाही, मिथलेस लेवी पासवान सर्लाही, गिरिजादेवी पासवान सर्लाही, सिकिलिया देवी पासवान सर्लाही, रविना पासवान सर्लाही, रम्भादेवी पासवान सर्लाही, शंकर पासवान सर्लाही, राजोदेवी पासवान, अक्ष्यलाल राम, लोक बहादुर सार्की, उर्मिला सार्की, मानजन राम, सुरेश राम, राधेश्याम पंडित, बालराम कार्की, दिपक सहनी, रामबाबु सहनी, उपेन्द्र कुमार राम, विपिन शाह, रामशरन

बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# अवसरवादले मधेश पछाडि पर्दै

अधिकार र पहिचानका लागि मधेशमा पटक-पटक विद्रोह र आन्दोलन भयो । तर ती आन्दोलन र विद्रोहले सफलता पाउन सकेन । यसका कारणहरु जे भएपनि नेतृत्व गर्ने राजनीतिक दलहरु नै हुन् । यहाँ शासकवर्गको कुनै धार्मिक पहिचान छैन । हिन्दू धर्मावलम्बीहरूको बाहुल्य रहेको नेपालमा अहिले क्रिश्चियनबाट भएको सामाजिक आक्रमणमा हिन्दू प्रतिरक्षा पंक्तिमा पुगेका छन् । राजनीतिक स्वार्थ पूरा गर्ने मानसिकतामा रहेको शासकवर्ग क्रिश्चियनको गुलाम नै बनेर नेपालमा क्रिश्चियन धर्मलाई प्रोत्साहन गरेको छ । नेकपा तथा नेपाली कांग्रेसका शीर्षस्थ कतिपय नेताहरू अहिले पनि डब्ल्यूपीएफको वैतनिक सदस्य रहेको चर्चा हुने गरेको सुनिन्छ । धन प्राप्त गर्न जेपनि गर्ने शासकवर्गको एउटा निश्चित स्वरूप भने छैन ।

मधेशमा राज्यले आफ्नो प्रभाव कायम गर्न गरिएको राजनीतिक षड्यन्त्र त छँदैछ । मधेशको सामाजिक र धार्मिक संस्कृतिलाई जरैदेखि परिवर्तन गराउने विदेशी शक्तिका दलालहरू मधेशलाई केन्द्र बनाएको छ । अवसरवादको बाटो आफ्नो अभिष्ट पूरा गर्ने विदेशी रणनीतिका सूत्रधार आफ्नै राजनीतिक अगुवाहरू भएकोले मधेशको आफ्नो मौलिक संस्कृतिमाथि भइरहेको प्रहारलाई रोक्न मधेशका वीर स्वाभिमानी सपूतहरू जाग्ने बेला आएको छ । मधेशीसँग चरम भेदभावका कारण नेपालमा दुई राष्ट्रियताको जन्म भएको हो ।

मधेशमाथि शंका लागि राज्यसत्ताले बडो चलाकी साथ आफ्नो सम्पूर्ण राजनीति, साजिश र षड्यन्त्र मधेशमाथि केन्द्रित गरेको छ । बुझिनै नसक्ने मधेशकेन्द्रित राज्यको षड्यन्त्रलाई मधेशका अवसरवादीहरूले तिकडमी व्याख्या गरी चोख्याउने प्रयास गरेको छ । विपन्नताका कारण मधेशमा संघर्षको विरूद्ध अवसरवादी किल्ला बनाउन सफल राज्यसत्ताले अरू अनेक मनमोहक षड्यन्त्रात्मक प्रविधि मधेशमा स्थापित गर्न तल्लीन छ । मधेशको अधिकारवादी आन्दोलनलाई निस्तेज पार्न अवसरवादी ताकत कारगर सिद्ध हुने राज्यले लिएको नीति अनुसार प्रयोग सफल पनि देखिएको छ ।

अवसरवादकै सहारा लिएर ०६४ सालको चुनावमा संविधानसभामा देखिएको मधेशको उल्लेखनीय प्रतिनिधित्वलाई न्यून गर्न, दोस्रो संविधानसभामा मधेशको प्रतिनिधिलाई साक्षीको रूपमा राख्न सफल भयो । मधेशलाई ६ टुक्रामा विभक्त गरी अष्टाबक्रीय संविधान जारी भयो । मधेशलाई कित्ताकाट गरी एउटा सानो टुक्रामा (८ जिल्लाको) सीमित पार्‍यो । मधेशमाथि भएको यो आघातबाट कसैलाई दुखेन । निजी स्वार्थमा रूमलिएको अवसरवादलाई मधेश र मधेशको अधिकारसँग के सरोकार । मधेशलाई काट्दै रहयो । छोट्याउँदै रह्यो । आहत गरी रक्ताम्य बनायो । तर, मधेशका लागि मरिमेट्ने भनेर दिनदिनै किरिया खानेको संख्या दर्जनौं भएपनि प्रतिरोधको ताकत कसैमा रहेन । राज्यसत्तासँग सुरताल मिलाएर एक टुक्रा भूमि पाएर रमाएका छन् ।

पश्चिमको मधेशी बाहुल्य जिल्लाहरू नवलपरासी, कपिलवस्तु, रूपन्देही, बाँके, बर्दिया, दाङ, कैलाली, कञ्चनपुर आदिलाई पहाडसँग जोडेर मधेशी, थारूको पहिचानलाई सदाका लागि समाप्त गरिएको छ । यस क्षेत्रका तमाम मधेशी थारूका आवाजलाई बलपूर्वक दबाइएको छ । यसो गर्न अरू कारणहरू मध्ये मधेशको अवसरवादी प्रवृत्तिको भूमिका उल्लेखनीय छ । आठ जिल्लामा सीमित मधेश प्रदेशको स्वामित्व लिने मधेशी अगुवाहरू अन्य प्रदेशको मधेशी, थारू समस्याबारे दृढतापूर्वक बोल्न रूचाउँदैनन् । अप्ठ्यारो परेको बेला यदाकदा आवाज उठाएपनि राज्यको विरूद्ध जाने हिम्मत छैन ।

### नेपाल-भारत खुला सीमा संवाद समूहको विशाल सेवा शिविरबाट हजारौं श्रद्धालु लाभान्वित

# सीमा-पार मित्रताको उत्कृष्ट उदाहरण : नि:शुल्क सेवा शिविर

जनकपुरधाम । विश्वप्रसिद्ध धार्मिक तथा सांस्कृतिक पर्व विवाह पञ्चमी महोत्सव-२०८२ को अवसरमा नेपाल-भारत खुला सीमा संवाद समूहको आयोजनामा जनकपुरधाममा यस वर्ष पनि भव्य नि:शुल्क सेवा शिविर अत्यन्तै प्रभावकारी भएको छ ।
विवाह पञ्चमीको अवसरमा नेपाल तथा भारतबाट आएका हजारौं श्रद्धालु भक्तजनलाई लक्षित गरी सञ्चालन गरिएको यस शिविरले मानवता, सेवा र सीमा-पार मित्रताको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको हो ।



श्रद्धालु भक्तजनको ठूलो भीडलाई मध्यनजर गर्दै गत मंगलबार बिहान ६:३० बजेबाट चिया-बिस्कुट वितरण गर्दै शिविरको औपचारिक सुरुआत गरिएको थियो । बिहान ६ बजे देखि ९ बजेसम्म करिब ५,००० श्रद्धालुलाई चिया-बिस्कुट सेवा प्रदान गरिएको आयोजकले जानकारी दिएको छ ।
त्यसपछि बिहान ९ बजे देखि १ बजेसम्म पहिलो चरणमा ३,२०० जना श्रद्धालुलाई खाजा वितरण गरिएको थियो । दिउँसो २:३० देखि ५:३० बजेसम्म दोस्रो चरणमा २,५०० श्रद्धालुलाई खाजा सेवा दिइएको थियो । यसरी एकैदिन ५,७०० भन्दा बढी श्रद्धालुले नि:शुल्क खाजा सेवा प्राप्त गरेका छन् ।

**२५०० जनाले पाए नि:शुल्क प्राथमिक उपचार**

सेवामूलक शिविर अन्तर्गत बिहान ९:३० बजेदेखि साँझ ६ बजेसम्म प्राथमिक उपचार सेवा निरन्तर सञ्चालन गरिएको थियो । गर्मी, थकान, रक्तचाप, घाउचोट, ज्वरो, चक्करजस्ता समस्याबाट पीडित करिब २५०० श्रद्धालुले नि:शुल्क स्वास्थ्य सेवा लिएका थिए । स्वास्थ्यकर्मीहरूको टोलीले औषधि, प्राथमिक उपचार र आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराएको थियो ।

**११:३० बजेसम्म ३ हजारभन्दा बढी सेवाग्राही**

नेपाल-भारत खुला सीमा संवाद समूहका अध्यक्ष डा. राजीव झाले जानकारी दिँदै बिहान ११:३० बजेसम्ममै ३,००० भन्दा बढी श्रद्धालुले शिविरको सेवा लिइसकेको बताए ।
उनले भने, "विवाह पञ्चमी केवल धार्मिक पर्व मात्र होइन, यो सेवा, सद्भाव र मानवताको महोत्सव पनि हो। नेपाल र भारतका श्रद्धालुहरूलाई कुनै असुविधा नहोस् भन्ने उद्देश्यले हामीले प्रत्येक वर्षझैं यस वर्ष पनि नि:शुल्क सेवा शिविर सञ्चालन गरेका हौं।"
डा. झाले थपे, "श्रद्धालुहरूलाई खानेकुरा, प्राथमिक उपचार, पिउने पानी र आवासको सुविधा उपलब्ध गराउनु हाम्रो सामाजिक दायित्व हो।"

**१,००० भन्दा बढी यात्रुका लागि नि:शुल्क आवास व्यवस्था**

यस वर्षको सेवा शिविरको अर्को महत्त्वपूर्ण पक्ष भनेको १,००० भन्दा बढी श्रद्धालुका लागि नि:शुल्क




आवास व्यवस्था गरिएको हो। क्लोथ बैंक नेपालकी कोषाध्यक्ष रूबी झाले जनकपुरधाममा भारतका बिहार, उत्तर प्रदेश, झारखण्ड, मध्यप्रदेश लगायत विभिन्न स्थानबाट आएका तीर्थयात्रीहरूका लागि दुई दिनसम्म नि:शुल्क बसोबासको व्यवस्था गरिएको जानकारी दिइन् ।
उनले भनिन्, "श्रद्धालुहरू खुला आकाशमुनि सुत्न नपरोस् भन्ने उद्देश्यले आवासको व्यवस्था गरिएको हो। भोजन, पानी, औषधि र आवास सबै सेवा पूर्णरूपमा नि:शुल्क छन्।"

**२५ जना स्वयंसेवक दिनरात सेवा अभियानमा**

शिविर सञ्चालनमा २५ जना स्वयंसेवक दिनरात खटिएका थिए । उनीहरू चिया-बिस्कुट वितरण, नास्ता सेवा, प्राथमिक उपचार, पानी वितरण, आवास व्यवस्थापन र व्यवस्थापकीय काममा सक्रिय थिए ।
सेवा शिविरमा प्रदेश सह-संयोजक दीपक यादव, कृष्ण कुमार साह, धनेश्वर ठाकुर, संजीव झा, उपाध्यक्ष शैलेन्द्र झा, कोषाध्यक्ष रूबी झा, बाल अभियानी आदित्य झा, सहयोगी अजीत झा, समाजसेवी श्याम झा, राष्ट्रिय मुक्ति पार्टीका अनुशासन प्रमुख सञ्जय सिंह, स्वास्थ्यकर्मी दिलीप मिश्र लगायत दर्जनौं सामाजिक अभियन्ताहरू सक्रिय थिए ।
शिविर विभिन्न दाता, शुभचिन्तक तथा समाजसेवीहरूको आर्थिक सहयोगबाट व्यवस्थापन गरिएको थियो ।
यस सेवामा योगदान गर्ने प्रमुख दाताहरूमा कैलाश जैन, प्रमोद चौधरी, नूतन झा, दिपेन्द्र झा, अजय साह, मुकुन्द चौधरी, शम्भु श्रीवास्तव लगायत रहेका छन्।

**हरेक वर्ष रामनवमी, परिक्रमा र विवाह पञ्चमीमा सेवा शिविर**

नेपाल-भारत खुला सीमा संवाद समूहले रामनवमी, परिक्रमा र विवाह पञ्चमी जस्ता ठूला धार्मिक पर्वहरूमा प्रत्येक वर्ष निरन्तर रूपमा नि:शुल्क सामाजिक सेवा शिविर सञ्चालन गर्दै आएको छ। संस्थाले विगतका वर्षहरूमा पनि भोजन, वस्त्र, स्वास्थ्य, पानी तथा आवास सेवा प्रदान गर्दै हजारौं मानिसको सेवा गरिसकेको छ।

**खुला सीमा सीमावर्ती जनताको जीवनरेखा**

संस्थाका अध्यक्ष डा. राजीव झाले नेपाल-भारतको खुला सीमाबारे स्पष्ट धारणा व्यक्त गर्दै भने, "नेपाल-भारतको खुला सीमा सीमावर्ती जनताको जीवनरेखा (लाइफलाइन) हो। यही सीमामार्फत साँस्कृतिक, धार्मिक, सामाजिक र पारिवारिक सम्बन्ध जीवित छ।"
उनले थपे, "खुला सीमा बन्द गर्न खोज्नु आमजनताको हितविपरीत हुन्छ। व्यापार, रोजगार, तीर्थयात्रा र पारिवारिक सम्बन्ध सबै यही खुला सीमासँग जोडिएको छ। त्यसैले हामी नेपाल र भारतबाट आउने श्रद्धालुहरूलाई सहज सेवा दिने उद्देश्यले यस्तो कार्यक्रम आयोजना गर्दै आएका छौं।"

**श्रद्धालुहरूको खुलेर प्रशंसा**

शिविरबाट सेवा लिने श्रद्धालुहरूले आयोजक संस्थाको खुलेर प्रशंसा गरेका छन्। भारतको मधुबनी, सीतामढी, दरभंगा, समस्तीपुर लगायत स्थानबाट आएका श्रद्धालुहरूले यस्तो व्यापक सेवा अन्यत्र दुर्लभ रहेको बताइरहेका छन्।
एक महिला श्रद्धालुले भनिन्, "हामी टाढाबाट आएका थियौं, धेरै थकित थियौं। यहाँ आएपछि चिया, नास्ता, औषधि र आराम सबै एकै ठाउँमा नि:शुल्क पाइयो। यसभन्दा ठूलो पुण्य केही हुन सक्दैन।"

साँझ ७ बजेसम्म शिविर सञ्चालन

विवाह पञ्चमी महोत्सव-२०८२ को अवसरमा नेपाल-भारत खुला सीमा संवाद समूह तथा क्लोथ बैंक नेपालद्वारा सञ्चालन गरिएको यो नि:शुल्क सेवा शिविर केवल सामाजिक कार्यक्रम मात्र होइन, मानवता, सेवा भावना, धार्मिक सद्भाव र सीमा-पार सहकार्यको सशक्त प्रतीक बनेको छ। हजारौं भोकालाई भोजन, बिरामीलाई औषधि, थाकेकालाई विश्राम र आश्रयविहीनलाई आवास प्रदान गर्नु नै यस शिविरको सबैभन्दा ठूलो उपलब्धि हो।

# अदालतबाट मेरो पक्षमा निर्णय आए सबै दलहरूले विश्वासको मत दिने प्रतिबद्धता जनाएका छन्

**हाम्रो पार्टी एमालेले यसअघि विभिन्न दललाई सरकारमा साथ दिएकै हो । मलाई आशा छ, उहाँहरूले पनि मलाई साथ दिनु हुन्छ । अहिले वातवरण मिलेको छ । दलहरूसँग छलफल जारी छ । अदालतबाट मेरो पक्षमा निर्णय आएमा मलाई विश्वासको मत दिने भनेर उहाँहरूले प्रतिवद्धता जनाउनु भएको छ । सबै दल मिलेर विश्वासको मत दिनुहुन्छ भन्नेमा म विश्वस्त छु ।**



**सरोज कुमार यादव**

**मुख्यमन्त्री, मधेश प्रदेश**

**० मुख्यमन्त्री पदमा तपाईंको नियुक्तिका विषयमा परेको रिट निवेदनमाथि बिहीबार सर्वोच्च अदालतमा सुनुवाइ हुँदैछ, फैसला आउन बाँकी छ । तपाईंलाई मुख्यमन्त्री पदमा रहिरहन्छु भन्ने लाग्छ ?**

– यस विषयमा मैले पहिले पनि भनेकै हो र फेरि पनि भन्छु- अदालतको आदेश मेरो पक्षमै आउने छ । त्यसमा म विश्वस्त छु ।

**० तपाईंकै पक्षमा फैसला आएको खण्डमा पनि त विश्वासको मत लिनु पर्ला, सबै दल एकातिर छन्, तपाईंले कहाँबाट विश्वासको मत पाउने ?**

– विश्वासको मत म लिन्छु । हाम्रो पार्टी एमालेले यसअघि विभिन्न दललाई सरकारमा साथ दिएकै हो । मलाई आशा छ, उहाँहरूले पनि मलाई साथ दिनु हुन्छ । अहिले वातवरण मिलेको छ । दलहरूसँग छलफल जारी छ । अदालतबाट मेरो पक्षमा निर्णय आएमा मलाई विश्वासको मत दिने भनेर उहाँहरूले प्रतिवद्धता जनाउनु भएको छ । सबै दल मिलेर विश्वासको मत दिनुहुन्छ भन्नेमा म विश्वस्त छु ।

**० तपाईंले मुख्यमन्त्रीको पद सम्हालेको दुई साताभन्दा बढी समय भयो, के-के काम गर्नुभयो ?**

– सम्मानीय सर्वोच्च अदालतले मलाई दीर्घकालीन कार्य गर्न रोक लगाएको कुरा सबैलाई थाहै छ । त्यसकारण बाध्यात्मक अवस्थामा रहेकाले त्यस्तो खासै कुनै काम गर्न सकेको छैन । अदालतको आदेश पक्षमा आएको खण्डमा बल्ल यो सरकारले राम्ररी काम गर्न पाउँछ ।

मधेश प्रदेशका आठ वटै जिल्लामा मलखादको कृत्रिम अभाव छ । कालोबजारी र वितरणमा हुने अनियमितता नियन्त्रण गर्ने कार्यविधिको दफा २५ र २६ बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला मल वितरण व्यवस्थापन समिति र स्थानीय तहको समितिलाई सक्रिय बनाइ सघन अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालय अनुरोध गर्ने, कार्यविधिमा तोकिएको समयसीमा मधेश प्रदेशका हकमा १० दिनभित्र मल नउठाउने वा वितरण ढिलासुस्ती र अनियमितता गर्ने सहकारी फर्म वा विक्रेताको कोटा तत्कालै कटौती गरी माग र आवश्यकता भएको अन्य स्थान वा विक्रेता हस्तान्तरण गर्ने र त्यस्ता विक्रेतालाई प्रचलित कानुन बमोजिम कारवाहीको दायरामा ल्याउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेका छौँ ।

त्यसैगरी प्रदेशका उखु किसानले नेपाल सरकारबाट उखु प्रवर्द्धन खर्च बापत प्रति क्विन्टल रु ७० प्राप्त गर्दै आएकोमा ०८१/०८२ देखि उक्त प्रवर्द्धन खर्च प्राप्त नभई किसान तथा उद्योग समेत समस्या परेका हुँदा उक्त बक्यौता रकम अविलम्ब निकासा गरी भुक्तानीको व्यवस्था मिलाउने र आगामी वर्ष समेत उक्त अनुदान रकमलाई निरन्तरता दिन नेपाल सरकार, कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरेको छु ।

**० जानकी मन्दिरका महन्थले प्रदेश सरकारमाथि विवाह पञ्चमीजस्तो समारोहमा कुनै साथ नदिएको आरोप लगाउनु भएको छ नि ?**

– अब महन्थजीको प्रस्तुति नै मलाई चित बुझेको छैन । उहाँ धार्मिक संस्थाको प्रमुख हो । राजनीतिक प्रतिवद्धता, राजनीतिक अभिव्यक्ति दिने व्यक्ति होइन । उहाँले राजनीतिक कुरा बोल्नु भएको छ, त्यो कुरा प्रदेश सरकारका लागि आपत्तिको विषय छ ।

रह्यो कुरा हामीले विवाह पञ्चमीका लागि के गर्‍यौं भन्ने प्रश्नमा, विगतको सरकारले गरेअनुसार नै हामीले पनि गरेका छौँ । हामीले मणि मण्डपमा समिति बनाएर टेन्टको जिम्मा, खानपिनको जिम्मा लिएका थियौँ । सामूहिक विवाहमा पनि व्यवस्थापनको जिम्मा लिएका छौँ । त्यसका लागि पनि हाम्रो समितिले काम गर्दैछ ।

**० मधेश भवनको स्टोरमा बेटी बचाउ, बेटी पढाउ योजनाका कैयौँ साइकल सड्ने अवस्थामा छन् । त्यसको व्यवस्थापन नगर्ने ?**

– यो नीतिगत विषयसँग जोडिएको छ । यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि मुद्दा छ । यसप्रति काम गर्नुपर्ने छ । यसका लागि छलफल पनि गरेका हौँ, तर अख्तियारको सल्लाह अनुसार नै अहिले त्यो मुद्दालाई थाँती राखेका छौँ ।

**० बेरोजगारलाई भत्ता दिने निर्णय गर्नुभएको छ । यो कार्यान्वयन हुन सक्छ ? यस्तो योजना अहिले ल्याउन मिल्छ ?**

– कार्यान्वयनमा नआउने भए निर्णय किन गर्थे त ? अदालतको निर्णय आएसँगै यसलाई कार्यान्वयनमा ल्याउन द्रुत गतिमा काम बढाउने छु । बेरोजगारहरूलाई भत्ता दिने निर्णय प्रदेशवासीकै हितमा छ । युवाहरूलाई दिने भत्ता र किसानलाई दिइने भत्ताको विषयमा सचिव र निजामतीका साथीहरूले अदालतको निर्णय पालनका लागि कानुन विज्ञसँग सल्लाह गर्न भन्नुभयो । सोही अनुसार कार्यविधि, नियमावली बनाउने हुँदा मंसिर ८ गतेको मन्त्रिपरिषदको बैठकमा प्रस्ताव राखेका थियौँ । यो निर्णयको चरणमा छ । केही प्रक्रिया बाँकी छ । *-रातोपाटीबाट साभार*

## एनआरएनएमा बृहत् एकता अत्यावश्यक भइसकेको छ : उपाध्यक्ष साह

काठमाडौं । गैर आवासीय नेपाली संघ (एनआरएनए) का केन्द्रीय उपाध्यक्ष सुनील साहले नेपालमा हालै भएका राजनीतिक परिवर्तनको कारणले पनि गैर आवासीय नेपाली संघमा बृहत् एकता अत्यावश्यक भई सकेको बताएका छन्।

आफू सधैँ सहमतिको पक्षमा, जहिले पनि मिल्नु पर्छ भन्ने पक्षमा रहेको साहले बताए । "नेपालको अहिलेको परिस्थितिमा हामीले पुनर्निर्माणमा सहयोग गर्नु पर्ने छ। एनआरएनएले काठमाडौँस्थित ट्राफिक प्रणालीको पुनर्निर्माणमा सहयोग गरेको छ। तर हामी एकताबद्ध भयौँ भने अझ बलियो सहयोग गर्न सक्छौँ," उनले भने।

सर्वोच्च अदालतको परमादेश अनुसार गठित उच्चस्तरीय समितिले गराएको एकता महाधिवेशनले गत मे महिनामा महेश कुमार श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति गठन गरेको थियो। त्यसैले हाम्रो भनाइ चाहिँ एकता महाधिवेशनको म्यान्डेट अनुसार नै सहमति हुनु पर्छ भन्ने हो। एनआरएन नागरिकताको कार्यान्वयनको लागि, नेपालको विकास र समृद्धिको लागि पनि हामी मिलेर गयौँ भने मात्र हामीले आफ्नो लक्ष प्राप्त गर्न सक्छौँ," उनले भने।



सङ्घलाई एकताबद्ध बनाउन एनसीसी अमेरिकाको गहन भूमिका रहने बताउँदै एनसीसी अमेरिकाका पूर्व अध्यक्ष रही सकेका साहले एनसीसी र केन्द्रमा पनि एकता कायम गर्न आफूले सक्दो प्रयास गरिरहेको जनाए।

संघका केन्द्रीय अध्यक्ष महेश कुमार श्रेष्ठको नेतृत्वमा गत १ नोभेम्बरमा तयार गरिएको सहमति पत्रको मस्यौदाले एनआरएनएलाई पुनः साझा मञ्चमा ल्याउने इमानदार प्रयास गरेको बताउँदै साहले उक्त मस्यौदाले सङ्घलाई यसको मूल मर्मअनुसार स्वतन्त्र, स्वायत्त, गैर राजनीतिक, सामाजिक तथा परोपकारी संस्थाको रूपमा सुदृढ बनाउने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको जनाए ।

"संघको १० औं महाधिवेशन पछि गठित विभिन्न समितिहरूको अस्तित्वलाई स्वीकार गर्दै विगतमा एनआरएन अभियन्ताहरूको योगदानलाई पनि हामीले सम्मान गर्नु पर्दछ । अदालतमा रहेका मुद्दाहरूलाई आपसी सहमतिमा फिर्ता लिएर संस्थागत एकताको दिशामा ठोस कदम चल्न सकिन्छ," उनले भने ।

" एनआरएनए कुनै व्यक्ति वा समूहको मात्रै सङ्गठन होइन, यो विश्वभरका नेपालीहरूको साझा संस्था हो। त्यसैले व्यक्तिगत इगो र विगतका तीता मिठा घटनाक्रमलाई बिर्सेर संस्था र मातृभूमिको सर्वोपरि हितका लागि एकताबद्ध हुनुको विकल्प छैन," साहले भने।

# आम मुस्लिम मोर्चाका अध्यक्ष लालबाबु मंसुरीको आपति



काठमाडौं । आम जनता पार्टी (आजपा) निकटको आम मुस्लिम मोर्चाका अध्यक्ष लालबाबु मंसुरीले मुस्लिम महिलाका बिरुद्धमा प्रधाानमन्त्री सुशीला कार्कीले दिएको अभिव्यक्तिको कडा रुपमा आपती जनाउदै फिर्ता लिन माग गरेका छन् ।

राजधानीमा सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिदै आम मुस्लिम मोर्चाका अध्यक्ष मंसुरीले प्रधान न्यायाधीश भइसकेको र प्रधानमन्त्रीको जिम्मेवारीमा रहेका एक महिलाले मुस्लिम महिलाको बिरुद्धमा दिएको अभिव्यक्ति आपतीजनक भएको र उनले फिर्ता लिनुपर्ने बताए ।

गत ९ मंसिरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले 'मुसलमानहरूको प्रवृत्ति-व्यवहार हेर्दा यति अन्यायपूर्ण देखिन्छ- जिउँदै लगेर महिलालाई गाड्ने, तान्ने, कतिपय मुस्लिम देशमा महिलालाई आजादी नदिने, पढ्न नदिने पनि देखिएको छ । कतिमा उद्धार पनि छ,' भनेकी छन् ।

पहिलेको अरेबियनकालका मुस्लिम देशहरू हेर्नुहुन्छ भने सुडान इजिप्टमा महिलाहरू डाक्टर भएका पनि छन्, महिलाहरू सम्पत्तिमा बलिया । हिन्दु धर्ममा पनि त्यही भन्छ । पहिले एकदमै आजादी रहेको कार्कीले भनेकी थिइन् ॥

प्रधानमन्त्री कार्कीले लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको औपचारिक शुभारम्भ गर्ने क्रममा राखेको अभिव्यक्तिको अहिले सबैले आलोचना गरिरकेका छन् ।

लैंगिक हिंसा विरुद्धको अभियान सुरु गर्ने क्रममा व्यक्त धारणा सामाजिक सद्भाव र भाइचारा खल्बल्याउने प्रकृतिको भएको मुस्लिम मोर्चाका अध्यक्ष मंसुरीको आरोप छ । आजपा सचिवालय सदस्य समेत रहेका मोर्चाका अध्यक्ष मंसुरीले भने, 'प्रधानमन्त्री सुशीला कार्कीको यस्तो गैरजिम्मेवार अभिव्यक्तिले सामाजिक सदभाव खल्बल्याउने भएकाले यसको म भर्त्सना गर्दै फिर्ता लिन अपिल गर्दछु ।'

# आजपाले काठमाडौं उपत्यकाको १५ वटै क्षेत्रमा तोक्यो कमाण्डर



काठमाडौं । २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा सहभागिताका लागि निर्वाचन आयोगमा दल दर्ता गराइसकेको आम जनता पार्टी (आजपा)ले काठमाडौं उपत्यकाको १५ वटै निर्वाचन क्षेत्रमा कमाण्डर तोक्दै निर्वाचनको आन्तरिक तयारीमा होमिएको छ ।

काठमाडौं उपत्यका विशेष कमिटीको बसेको सचिवालय बैठकले काठमाडौं, ललितपुर र भक्तपुरको १५ वटै निर्वाचन क्षेत्रमा इन्चार्ज र संयोजकको जिम्मेवारी तोक्दै निर्वाचनको तयारीमा जुटेको छ । आजपाको प्रतिनिधि सभाको निर्वाचनमा सहभागिताका लागि दल दर्ता गराइसकेको छ ।

आजपाद्धारा घोषित संघर्ष एवं आन्दोलनका कार्यक्रम सहित निर्वाचनमा पनि सहभागि हुने आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले जनाएका छन् ।

निर्वाचनबाट पछाडी हटनुपर्ने कुनै कारण नभएको बताउदै उनले निर्वाचनमा सहभागि भएर ताजा जनादेश सहित राजनीतिक दलहरु अगाडी बढनुपर्ने उनले बताए ।

आजपा प्रवक्ता एवं उपत्यका विशेष कमिटीका इन्चार्ज चन्द्रभुषण साहले काठमाडौं उपत्यकाको १५ वटै निर्वाचन क्षेत्रमा पार्टीले उम्मेदवारी उठाउने बताए । बैठकले त्यसको आन्तरिक तयारीका लागि कमाण्डर तोकिएको उनले जनाएका छन् ।

काठमाडौं क्षेत्र नं. १ को इन्चार्जमा अमर लिम्बु, संयोजकमा रामनारायण शाह, क्षेत्र नं. २ मा इन्चार्ज कालबहादुर विक, संयोजकमा एमडी सत्तार, क्षेत्र नं. ३ मा इन्चार्ज वीरवल यादव, संयोजकमा उमेश शाह, क्षेत्र नं. ४ मा इन्चार्ज मिना देवी, संयोजकमा कृष्ण यादव, क्षेत्र नं. ५ मा इन्चार्ज सरोज श्रेष्ठ, संयोजकमा जोगेन्द्र यादव, क्षेत्र नं. ६ मा इन्चार्ज सुभाष साह र संयोजकमा कोशिला साह रहेका छन् ।

यसैगरी, काठमाडौं क्षेत्र नं. ७ इन्चार्ज उदयचन्द्र प्रसाद, संयोजकमा श्रीकिशुन बैठा, क्षेत्र नं. ८ मा इन्चार्ज अनु कुमारी, संयोजकमा सनत भट्टराई, निर्वाचन क्षेत्र नं. ९ मा इन्चार्ज रामेश्वर उपाध्याय, संयोजकमा काइला महर्जन र क्षेत्र नं. १० मा इन्चार्ज रविन्द्र सिंह तथा संयोजकमा रविन्द्र उपाध्यायलाई जिम्मेवारी तोकिएको प्रवक्ता साहले जनाएका छन् ॥

यस्तै, ललितपुर क्षेत्र नं. १ मा इन्चार्ज सिमा जयसवाल, संयोजकमा उपेन्द्र रौनियार, क्षेत्र नं. २ मा इन्चार्ज उपेन्द्र साह, संयोजक इन्दल साह, क्षेत्र नं. ३ मा इन्चार्ज देवेन्द्र ठाकुर र संयोजकमा प्रदिप विक्रम शाह रहेका छन् । यसैगरी भक्तपुर क्षेत्र नं. १ मा इन्चार्ज लखिन्दर साह, संयोजकमा नरेश खड्की र क्षेत्र नं. २ मा इन्चार्ज देवकुमारी साह, संयोजकमा सुमि धिमाललाई बैठकले जिम्मेवारी तोकिएको छ ।

# एमाले नेता बस्नेत र जेन-जी साहबीच चर्काचर्की





काठमाडौं । कमन जेन-जी नेपालका अध्यक्ष विकेश साहले नेकपा (एमाले) नेता महेश बस्नेतलाई 'तपाईहरु जस्तो लुट-भ्रष्टाचार र हत्या-आतंक' आफूहरुको पेशा नभएको भन्दै कडा चुनौती दिएका छन् ।

जेनजीहरुले शान्तिपूर्ण आन्दोलन मार्फत देशमा बदलाव चाहेको जनाउदै जेनजी नेता साहले बस्नेत जस्तो आफूहरुले षडयन्त्र गर्न नजानेको जनाएका छन् ।

'महेश बस्नेतजी, तपाईहरू जस्तो लुट-भ्रष्टाचार र हत्या-आतंक हाम्रो पेशा होईन । न हामी षड्यन्त्र गर्न जानेका छौ, न त रातलाई दिन बनाउन बुझेका छौ । हामी जेनजीहरू त शान्तिपूर्ण आन्दोलन मार्फ़त देशमा बदलाव चाहेकाछौ,' कमन जेन-जी नेपालका अध्यक्ष साहले सामाजिक सञ्जालमा लेखेका छन् ।

एमाले नेता बस्नेतले सामाजिक सञ्जालमार्फत साह सर्वोच्च अदालत, सिंहदबार, एमाले मुख्यालय जलाउनमा पनि संलग्न रहेको आरोप भएको भन्दै लेखेपछि अध्यक्ष साहले त्यसको कडा जवाफ दिदै सो आरोप पुष्टि गर्न चुनौति दिदै पुष्टि गर्न नसके माफी माग्नुपर्ने जनाएका छन् ।

'जहाँसम्म तपाईको तोड़फोड़ र आगजनीको आरोप छ । म यस्तो आपराधिक क्रियाकलापमा बिश्वास गर्दिन । मेरो चुनौति छ तपाईलाई, आजको सीसी क्यामरा र विडियोको युगमा भ्रमको राजनीतिक हैन तथ्यले पुष्टि गरेर देखाउनु । यदि पुष्टि नभए माफी माग्ने नैतिक हैसियत पनि राखनुस । यस्तो आधारहीन झूठ आरोप पनि अपराध नै हो, यसको पनि हेक्का पक्कै होला,' साहले लेखेका छन् ।

यसअघि एमाले नेता बस्नेतले सामाजिक सञ्जालमा लेखेका छन, 'प्रभु साहका छोरा विकेश साहलाई भाद्र २३ र २४ गतेको घटनामा आगजनी, तोडफोड र हिंसात्मक गतिविधिहरूमा संलग्न भएको आरोपछ । सर्वोच्च अदालत आगो लाउन, सिहदरबार जलाउन र एमाले मुख्यालय जलाउन पनि यिनको संलग्न रहेको आरोप छ ।'

साहले आधारहीन झूठ आरोप लगाउनु पनि अपराध नै नभएको भन्दै बस्नेतलाई त्यसलाई पुष्टि गर्न नसके माफी माग्ने नैतिक हैसियत राख्नुपर्ने चुनौती दिएका छन् ।

बस्नेत र साहका बीचमा सामाजिक सञ्जालमा यस्तै आरोप-प्रत्यारोप र चर्काचर्की चलिरहेको छ ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# विदेशमा रहेका नेपालीलाई मताधिकार दिलाउन सरकार गम्भीर छ : मन्त्री घिसिङ

काठमाडौं । अन्तरिम सरकारका ऊर्जा, जलश्रोत, भौतिक योजना, यातायात तथा सहरी विकास मन्त्री कुलमान घिसिङले विदेशमा बसोबास गर्ने नेपाली नागरिकलाई मताधिकार प्रदान गर्ने विषयलाई सरकारले गम्भीरतापूर्वक अघि बढाइ रहेको बताएका छन्। गैर आवासीय नेपाली संघ (एनआरएनए) को नागरिकता तथा भोटिङ राइट्स समितिद्वारा आइतबार आयोजित वेबिनारलाई सम्बोधन गर्दै मन्त्री घिसिङले सरकारले आवश्यक कानुनी तथा प्राविधिक प्रक्रिया अगाडि बढाइरहेको जानकारी दिए।



मन्त्री घिसिङले गृह मन्त्रालयले हाल दुई महत्त्वपूर्ण विषय–एनआरएन नागरिकता तथा विदेशी भूमिबाट मतदान अधिकार–बारे गृहकार्य गरिरहेको बताए। उनले निर्वाचन आयोगसँग निरन्तर छलफल भइरहेको उल्लेख गर्दै भने, “ विदेशमा बसोबास गरिरहेका नेपाली नागरिकहरूको भोटिङ राइट्स कार्यान्वयनका लागि अध्यादेश जारी गर्न सरकारले काम गरिरहेको छ। निर्वाचन आयोगबाट समयाभावको कुरा आएको छ, तर कुनै पनि हालतमा विदेशमा रहेका नेपालीले भोट गर्न पाउनै पर्छ भन्ने हाम्रो अडान छ।”

उनले मतदानका लागि खाडी मुलुकमा रहेका नेपालीहरूको सुरक्षासम्बन्धी पक्ष र त्यहाँका सरकारसँगको सहकार्यसम्बन्धी चुनौतीहरूबारे पनि जानकारी दिए। “राष्ट्रभक्ति देखाउने भनेका विदेशमा रहेका नेपाली नै हुन्। त्यसैले यो अधिकार कार्यान्वयनका लागि राष्ट्रपतिसमक्ष समेत आफ्नो धारणा राखेको छु,” मन्त्री घिसिङले भने।

ब्रिटिस गोर्खाहरूले उठाउँदै आएका वंशजको नेपाली नागरिकताको निरन्तरताबारे मन्त्री घिसिङले लन्डनमै आफूले उक्त मागको स्पष्ट रूपमा समर्थन गरेको स्मरण गरे। “वंशजको नागरिकताको निरन्तरताले देशलाई घाटा होइन, फाइदा गर्छ। लगानी बढ्छ। सरकारले गम्भीर रूपमा हेर्नुपर्छ,” उनले भने। दोहोरो नागरिकताको विषय भने निर्वाचित संसद्ले मात्र सम्बोधन गर्न सक्ने उनले बताए। मन्त्री घिसिङले गैरआवासीय नेपालीको सीप, स्रोत र लगानीलाई देशमा ल्याउन सरकार प्रतिबद्ध रहेको बताउँदै गैरआवासीय नेपालीबिच एकता र साझा एनआरएनए निर्माण गर्न पनि आग्रह गरे।

‘मताधिकार कुनै हालतमा रोक्न मिल्दैन’

एनआरएनए आइसिसीका अध्यक्ष महेश कुमार श्रेष्ठले विदेशमा रहेका नेपालीलाई मताधिकार प्रदान गर्ने कार्यमा अब ढिलाइ गर्न नहुने बताए। “यस पटक नभए पनि अर्को पटक अनिवार्य रूपमा लागू गर्नै पर्छ। पाइलट प्रोजेक्टबाट भए पनि सुरु गर्नुपर्छ,” उनले भने। उनले एनआरएन नागरिकता तथा त्यससँग सम्बन्धित समस्याहरू समाधानका लागि नियमावली निर्माण गर्ने काम अघि बढाउनुपर्ने उल्लेख गरे। “गैरआवासीय नेपाली ऐन परिमार्जन गर्न सके धेरै समस्या समाधान हुन्छ,” उनले भने ।

संघका पूर्व अध्यक्ष कुल आचार्यले आफू गैरआवासीय नेपाली नागरिकता लिने पहिलो व्यक्ति भएको स्मरण गर्दै नागरिकता लिएको दुई वर्षभन्दा बढी समय बितिसक्दा पनि यसको कार्यान्वयन नभएको भन्दै दुख व्यक्त गरे। “एनआरएन नागरिकतालाई नेपालको कुनै प्रणालीले चिन्दैन। यसले देशलाई घाटा पुऱ्याइरहेको छ। पुँजी पलायन बढेको छ, लगानी रोकिएको छ,” आचार्यले भने। उनले मन्त्रिपरिषद्लाई अध्यादेशमार्फत समस्या समाधान गर्न आग्रह गर्दै एनआरएन नै नेपाल समृद्धिको प्रमुख आधार बन्न सक्ने बताए।

वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले वंशजको नेपाली नागरिकता सुनिश्चित गर्नुपर्ने धारणा राखे। उनले नेपालले वैदेशिक लगानी आकर्षित गर्ने भने पनि गैरआवासीय नेपालीलाई नेपालमै लगानी गर्न सहज वातावरण बनाउन नसकिएको उल्लेख गरे। “ विश्वका १२३ देशले दोहोरो नागरिकता दिन्छन्। नेपालमा पनि दिन सकिन्छ,” उनले भने। वरिष्ठ अधिवक्ता डा नारायण घिमिरेले गैरआवासीय नेपाली ऐन २०६४ मा रहेका त्रुटिका कारण समस्या जटिल बनेको बताउँदै एकीकृत अध्यादेश वा कम्तीमा मतदान कार्यविधि बनाएर नै अघि बढ्न सकिन्छ भने।

गैरआवासीय नेपाली संघका पूर्व उपाध्यक्ष डा केशव पौडेल, अमेरिकाका पूर्व अध्यक्ष खगेन्द्र जिसी, एनआरएन नागरिकता लिएका सुरेश राज गौतम, राधा पौडेललगायतका वक्ताले एनआरएन नागरिकतालाई व्यावहारिक रूपमा लागू गर्न सरकारसँग आग्रह गरे। “यो याचना होइन, अधिकार हो,” राधा पौडेलले भनिन्। जय नेपाल अन्तरराष्ट्रिय फाउन्डेसनका अध्यक्ष डा यादव पण्डितले भने, “ एनआरएनसम्बन्धी मुद्दाहरूको कुरा गर्दा प्रशासन यन्त्र तथा नेताहरू सबै सहमत देखिन्छन् तर बारम्बार हामीलाई चिट भएको अनुभव भएको छ। मन्त्रिपरिषद्ले निर्णय गरी दियो भने पनि समस्या समाधान भई हाल्छ, अध्यादेश ल्याउनु पनि पर्दैन। मन्त्रीजीलाई यो अवसर पनि हो। हामी कतिपयले अझै नेपाली नागरिकता बोकी रहेका छौं। बेलायत र अमेरिकाका नेपाली नागरिकहरूलाई दूतावासमा गएर मतदान गर्ने वातावरण बनाउन आग्रह गर्दछु। “

संघका उपाध्यक्ष विश्वास दीप तिगेला, सल्लाहकार विष्णु सुवेदी, एनआरएनए एनसीसी थाइल्यान्डका सञ्जय ढकाल, एनआरएनए युकेका प्रवक्ता डा कुल प्रसाद कँडेल लगायतले जेन जी आन्दोलनबाट आएको सरकारले साहसिक निर्णय गर्दै गैरआवासीय नेपालीका माग सम्बोधन गर्नुपर्ने धारणा राखे। कार्यक्रममा राज आचार्य, रितादेवी प्रधान, विनय शाह, आङ्छिरिंग शेर्पा लगायतका वक्ताले आफ्नो धारणा राखेका थिए।

कार्यक्रमको सभापतित्व गरिरहेका एनआरएनए आइसिसीका उपाध्यक्ष तथा नागरिकता निरन्तरता समितिका संयोजक बुद्धि सागर सुवेदीले गैरआवासीय नेपाली नागरिकता कार्यान्वयन नहुँदा विदेशमा रहेका नेपालीको सम्पत्ति तथा लगानी नेपालले उपयोग गर्न नसकेको बताए। उनले भोटिङ अधिकार तुरुन्त कार्यान्वयन गर्नुपर्ने र वंशजको आधारमा नागरिकता सुनिश्चित गर्न संविधान संशोधन आवश्यक भएको बताए।

कार्यक्रम एनआरएनए क्यानाडाका पूर्व अध्यक्ष तथा समितिका सदस्य सचिव दीपक गौतमले सञ्चालन गरेका थिए भने एनसीसी फ्रान्सकी पूर्व अध्यक्ष गीता खनाल थापाले सबैलाई स्वागत गरिन् । संघका पूर्व अध्यक्ष आर के शर्माले कार्यक्रमको सफलताको कामना गर्दै सन्देश पठाएका थिए।

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



# 'बंगलादेश जस्तै जेनजीका हत्यारालाई कानूनी कठघरामा ल्याउनुपर्छ'



काठमाडौं । जेनजी विद्रोहको जगमा अन्तरिम सरकारकी प्रधानमन्त्री बनेकी सुशीला कार्कीले उही जेनजी आन्दोलनकारीलाई भेटन अस्वीकार गरेकी छन् ।
प्रधानमन्त्री कार्यालयमा आफ्ना मागहरु सहितको पत्र बुझाउन सोमबार जेनजी आन्दोलनकारीहरु सिंहदरबार पुगेका थिए । तर प्रधानमन्त्री कार्कीले भेटनै मानिन ।
प्रधानमन्त्रीले भेटन नमानेपछि उनीहरुले आफ्नो माग पत्र दक्षिण गेटमा टाँसेर फर्किएका छन् ।
जेनजी विद्रोहका अगुवाहरु विकेश साह, मिराज ढुंगाना, रविकिरण हमाल, सौरभ भण्डारी, मणी लिम्बु, सुनिलप्रसाद साह, राजा सल्यानी, सुस्मा श्रेष्ठ, प्रभात अधिकारी, रंजित ठाकुर, मदन लिम्बु, सुनिल सिंह लगायतका युवाहरु सिंहदरबार पुगेका थिए ।
'यो व्यवस्था र संविधानले निकास दिन सक्दैन । त्यसैले हामीले अहिलेको संविधान र सरकार खारेज गरी अन्तरिम संविधान र अन्तरिम सरकार गठन गर्नुपर्छ भन्ने स्पष्ट माग हो । यो सरकार विकास र निकास दुबैमा असफल भइसकेको छ । अब निकास दिन आवश्यक छ । त्यसका लागि यो व्यवस्था खारेज गरेर अगाडी बढनुको विकल्प छैन,' कमन जेनजी नेपालका अध्यक्ष विकेश साहले भने ।
तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीलाई तत्काल कानूनी कठघरामा उभ्याउनुपर्ने माग समेत उनले गरेका छन् ।
'बंगलादेशमा जसरी हत्यारालाई मृत्युदण्ड नै दिईएको छ, कारबाही गरिएको छ, त्यसरी नै हामीले केपी ओलीलाई कानूनी कठघरामा ल्याउनुपर्छ । कानूनबमोजिम कारबाही गर्नुपर्छ । यदि कारबाही गर्न सकिएन भने हामी उद्देश्यविहीन हुन्छौं,' साहले भने ।
यस्तै जेनजी हत्यारा र भ्रष्टाचारीहरुलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्नेमा वर्तमान सरकार असफल रहेको हामीहरुको बुझाइ रहेको उनले बताए । भ्रष्टाचारीहरु, जेनजी हत्याराहरु अहिले खुलेयाम घुमिरहदा समेत सुशीला सरकारले किन अहिलेसम्म पक्राउ गर्न सकेन भन्ने प्रश्न अध्यक्ष साहले गरेका छन् ।
२०८४ सालमा हुने निर्वाचन २०८२ सालमा गराउनका लागि जेनजी बिद्रोह नभएको बताउदै अध्यक्ष साहले सबैभन्दा पहिला जेनजी हत्यारा र भ्रष्टाचारीलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने उनले बताए ।
जेन-जीका विभिन्न २१ समूहले कार्की सरकारले आफूहरूको माग पूरा गर्न नसक्ने र घाइते तथा शहीदको सपना साकार पार्न सम्भव नभएको निष्कर्ष निकालेको उनले बताए । उनीहरूले माग पूरा गर्न ७ दिनको अल्टिमेटम दिँदै बेवास्ता गरे कार्की सरकार गठनमा आफूले गरेका गल्तीको माफी माग्दै पुन: संघर्षमा जाने चेतावनी दिएका छन् । विद्रोहमा होमिएका युवाविरुद्ध वर्तमान सरकारले नै षडयन्त्र गरिरहेको भन्दै उनीहरुले विभिन्न माग गरेका छन् ।
यस्ता छन् उनीहरूका माग
१. हाल सम्मका सबै भ्रष्टाचार छानबिन गर्न अधिकार सम्पन्न आयोग गठन गर ।
२. स्थिर सरकारका लागी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको निर्वाचन गर ।
३. विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकारको व्यवस्था गर ।
४. जेन - जी विद्रोहलाई तत्काल राजनीतिक आन्दोलन घोषणा गर ।
५. सहिद परिवार र घाइतेको उचित व्यवस्थापन गर ।
६. २३ गते शान्तिपूर्ण आन्दोलनमा भएको दमनको निष्पक्ष छानबिन गरी दोषी उपर कडा कारबाही गर ।
२४ गतेको घटनालाई निष्पक्ष छानबिन गरी दोषी उपर कडा कारबाही गर ।
७. जेन-जी आन्दोलन लगायतका राजनीतिक प्रतिशोधका आधारमा चलाएका मुद्दाहरू फिर्ता गर र विधिको शासन कायम गर ।
८. प्रादेशिक खर्चले देशलाई आर्थिक रूपमा धेरै पछाडि पुर्‍याएको छ, त्यसैले प्रदेश सरकारका अनावश्यक खर्च व्यापक रूपमा घटाउन प्रदेश सरकारको पुनर्संरचना गर ।
९. यी कुराहरु संबिधान पुनरावलोकन र सुधार नगरी नहुने भएकाले तत्काल जनभावना बुझी संबिधान सुधार गरी मात्र अर्थपूर्ण चुनाव तर्फ लाग ।

# 'आन्दोलनकारीलाई नछोडिए अर्को जनविद्रोह हुन्छ'




काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले जेनजी आन्दोलनको बलमा बनेको सुशीला सरकारले जेनजी आन्दोलनकारीलाई नै पक्राउ गर्नु, धरपकड गरेको प्रति आपती जनाएका छन् ।
काठमाडौंको कोटेश्वरमा बिहीबार बसेको आजपा पदाधिकारी बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले पक्राउ गरिएका जेनजी आन्दोलनकारीलाई रिहा नगरिए अर्को जनविद्रोह हुने चेतावनी समेत दिएका छन् ।
'सुशीला कार्कीजीको सरकार जेनजी आन्दोलनकै बलमा बनेको दुनियालाई थाहा छ । त्यसैले यो सरकारले जेनजी आन्दोलनका हत्यारा, भ्रष्टाचारीलाई कारवाही गर्नु पर्छ । तत्काल उनीहरुलाई पक्राउ गर्नुपर्छ, तर यो सरकारले उल्टै जेनजी आन्दोलनकारीलाई पक्राउ गर्ने, धरपडक गर्ने कार्य गम्भिर बिषय हो । यो हामीलाई स्वीकार्य छैन् । जेनजी हत्यारालाई पक्राउ गरेर कारवाही गर र जेनजी आन्दोलनकारीलाई तत्काल रिहा गर्नुपर्छ । हैन भने अर्को बिद्रोह हुनसक्छ । यस बारेमा प्रधानमन्त्रीजी गम्भिर हुन आवश्यक छ,' आजपा अध्यक्ष साहले भने ।
उनले जेनजी आन्दोलनको उपलब्धि खेर जाने खतरा रहेको बताउदै जेनजी आन्दोलनकारी युवाहरु एकजुट हुनुको विकल्प नभएको बताए । जेनजी आन्दोलनलाई संस्थागत गर्न, मागहरुलाई सम्बोधन गर्न, आन्दोलनको उपलब्धिलाई खेर जान नदिनका लागि सबै जेनजी समूहहरु एकजुट गराएर निर्णाय संघर्षमा उत्रिनुपर्ने अहिलेको आवश्यक्ता रहेको अध्यक्ष साहले बताए ।
'प्रहरी/प्रशासन जेजनी अभियन्ता र आन्दोलनकारीलाई धरपकड गरिरहेको छ । एमालेका गुण्डाहरुको स्कर्टिङमा खटिएको छ, प्रहरी एमालेको दास हो र ?' उनले प्रधानमन्त्री कार्कीसंग प्रश्न गर्दै भने, 'पहिला गोली हान्ने हत्याराहरुलाई कानूनी कठघरामा उभ्याउ, सुशीला-ओमप्रकाशको साँठगाँठ अपराधी बचाउनेतर्फ देखियो ।'
एमाले अध्यक्ष समेत रहेका पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, तत्कालिन गृहमन्त्री रमेश लेखकहरुलाई यथाशिघ्र पाक्राउ गर्नुपर्ने उनले बताए । अहिल चुनाव भाँड्न एमालेले युवा संघको गुण्डा प्रदर्शनी गरेकोमा त्यसको जनस्तरबाट नै प्रतिकार भइरहेको र प्रतिकार गर्न जरुरी रहेको उनले बताए ।
चुनावी सरकारमा बसेर कुलमानले बेइमानी गरिरहेको समेत उनले बताए । निर्दलीय सरकारमा सहभागि भएर दलिय अभ्यास गरिरहेका कुलमानले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने नत्र प्रधानमन्त्रीले बर्खास्त गर्नुपर्ने उनले बताए । साथै अगामी २१ फागुनमा हुने प्रतिनिधिसभाको निर्वाचन सफल बनाउनका लागि अन्तर्राष्ट्रिय समूदायको साथ, सहयोगबारे के कुरा भएको छ भन्ने बारेमा स्पष्ट पार्नुपर्ने बताए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# संयुक्त राष्ट्रसंघको आह्वान: डिजिटल हिंसा वास्तविक हिंसा हो

काठमाण्डौं। विश्वभर महिलाको अधिकारका लागि बढ्दै गएका जोखिमहरु मध्ये डिजिटल दुर्व्यवहार र डिजिटल हिंसा पनि रहेका छन्। अध्ययनहरूले, विश्वका आधाजसो महिलाले कुनै न कुनै प्रकारको अनलाइन उत्पीडन वा दुर्व्यवहारको सामना गरेको देखाउँछ। किशोरीका लागि, यस्तो दुर्व्यवहार प्रायः १२ देखि १४ वर्षको उमेरमै सुरु हुन्छ, जुन समय उनीहरूको सामाजिक र भावनात्मक विकास समेत बढ्दो रुपमा अनलाइनमा प्रस्फुटित भईरहेको हुन्छ।

आज काठमाण्डौंमा, संयुक्त राष्ट्रसंघले, सञ्चार तथा सूचना प्रविधि मन्त्री, माननीय जगदीश खरेलको प्रमुख आतिथ्यमा, नेपालमा लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान सुरु गरेको छ। यसले महिला र किशोरीका लागि डिजिटल स्पेसलाई सुरक्षित बनाउने नेपालको प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ। यस वर्षको विश्वव्यापी नारा "सबै महिला र किशोरी विरुद्ध हुने डिजिटल हिंसा अन्त्य गर्न एक होऔं" ले तिव्र रुपमा फैलिँदै गएको डिजिटल परिवेशमा, युवाहरुको सुरक्षा सुनिश्चित गर्नु अत्यावश्यक रहेको इंगित गर्दछ।

कार्यक्रममा बोल्दै माननीय मन्त्री खरेलले, प्रत्येक नेपाली नागरिकको लागि सुरक्षित, समावेशी र सशक्त डिजिटल इकोसिस्टमको आवश्यकतामा जोड दिनुभयो। उहाँले भन्नुभयो, "अबको नेपालको विकसित डिजिटल परिदृश्यमा डिजिटल सुरक्षा नागरिक सहभागिता, सूचनामा पहुँच र अधिकारको पूर्ण प्रयोगको केन्द्रबिन्दु हो।"

संयुक्त राष्ट्र संघको तर्फबाट बोल्दै, आवासीय संयोजक हाना सिंगर-ह्याम्डीले डिजिटल हिंसा महिला र किशोरीहरूको अधिकार, मर्यादा र स्वायत्ततामाथिको आक्रमण मात्र नभई सार्वजनिक जीवनमा उनीहरूको सहभागिताको लागि प्रत्यक्ष खतरा पनि भएको कुरामा जोड दिनुभयो। उहाँले भन्नुभयो, "अनलाइन दुर्व्यवहारले महिला पत्रकारहरूलाई मौन बनाइरहेको छ, महिला नेताहरूलाई निरुत्साहित गरिरहेको छ र किशोरीहरूलाई डिजिटल स्पेसहरूबाट टाढा धकेलिरहेको छ। महिला र किशोरीहरूका लागि अनलाइन माध्यम सुरक्षित बनाउन, समग्र समाजले हानिकारक मूल्यमान्यताहरूलाई चुनौती दिन, जबाफदेहितालाई बलियो बनाउन र डिजिटल अधिकारको सुरक्षा गर्ने प्रणालीमा लगानी गर्न आवश्यक छ।" उहाँले उत्थानशीलता निर्माण गर्न, मनोवृत्ति परिवर्तन गर्न र सम्मानजनक अनलाइन व्यवहारलाई प्रवर्द्धन गर्न, किशोर किशोरीहरू - विशेष गरी किशोरहरूलाई डिजिटल साक्षरताको आवश्यकता रहेको कुरा प्रकाश पार्नुभयो।

संयुक्त राष्ट्र संघको तर्फबाट बोल्दै आवासिय संयोजक श्री हाना सिङ्गर-ह्याम्डीले डिजिटल हिंसाले विशेषगरी, सिमान्तकृत समुदायका महिला एवं किशोरीहरुको अधिकार, सम्मान र स्वायत्तता माथि गम्भीर प्रहार गर्ने विषय उल्लेख गर्नुभयो । उहाँले अनलाईनमा महिला एवं किशोरीहरुको सुरक्षाका लागि हानिकारक मान्यताहरुलाई चुनौती दिन, जवाफदेहिता सुदृढ गर्न र डिजिटल अधिकार सुनिश्चित गर्ने प्रणालीमा लगानी गर्न समाजको समग्र सहभागिता आवश्यक पर्ने बताउनुभयो। यसका साथै, उहाँले सम्मानजनक अनलाईन व्यवहार प्रवर्द्धन गर्नका लागि किशोरवस्थामा रहेका व्यक्तिहरुलाई डिजिटल साक्षरता तथा अनलाईन सुरक्षा सम्बन्धी शिक्षाको आवश्यकता रहेको विषयमा जोड दिनुभयो।

कार्यक्रममा सुरक्षित डिजिटल स्पेसका लागि सामूहिक प्रतिबद्धता झल्काउने, युवाद्वारा तयार गरिएको चित्र(म्युरल) प्रदर्शन गरिएको थियो । त्यस्तै, बढ्दो अनलाईन दुर्व्यवहार र प्रभावकारी सुरक्षाको तत्काल आवश्यकताका विषयमा सामाजिक अभियन्ता तथा डिजिटल अधिकारका विज्ञहरुसँग छलफल समेत गरिएको थियो। कार्यक्रममा, युवा सहभागिहरुले अनलाईन दुर्व्यवहार सम्बन्धी आफ्ना अनुभव तथा सुरक्षित डिजिटल जीवनका लागि उनीहरुप्रति गरिने विश्वास, समर्थन र सशक्तिकरणको महत्व बारे आफ्ना विचारहरु साझा गरे । उनीहरुले पिडितका लागि थप प्रभावकारी सहायता प्रणाली, हानिकारक अनलाईन विषयवस्तुहरुको प्रभावलाई सम्बोधन गर्न र महिला एवं किशोरीहरुलाई सुरक्षित हुने प्लाटफर्महरुको निर्माण गर्न माग गरे ।

"सबै महिला र किशोरी विरुद्ध हुने डिजिटल हिंसा अन्त्य गर्न एक होऔं" भन्ने नारा सहित डिसेम्बर १० सम्म जारी रहने त्जभ ग्ल्प्‌भ २०२५ अभियानले सबैलाई डिजिटल दुर्व्यवहार विरुद्ध एकजुट हुन र डिजिटल अधिकारलाई आधारभूत मानव अधिकारका रुपमा स्थापित गर्न आह्वान गर्दछ। यसका साथै, यस अभियानले सबै महिला र किशोरीहरुले अनलाइनमा निर्धक्क भएर, प्रयोग गरि प्रगति गर्न सक्ने अनलाइन वातावरणको सिर्जना गर्नका लागि साझा जिम्मेवारी लिन, अभिभावक, शिक्षक, नीति निर्माता तथा प्राविधिक संस्थाहरु लगायत सबैलाई आह्वान गर्दछ ।




## जेन्जी युवासँग गृहमन्त्रीको भेट



काठमाडौं । जेन्जी २.० समूहका युवासँग गृहमन्त्री ओमप्रकाश अर्यालले आइतबार गृहमन्त्रालयमा भेटघाट गरेका छन् । सो अवसरमा जेनजी युवाको समूहले भाद्र २३ र २४ गतेको घटनामा दोषी देखिएकालाई कारवाही गर्न माग गरेको छ । जेनजी २.० नामको समूहका प्रतिनिधिले आन्दोलनका दोषीलाई कारबाही गर्न माग गरेका हुन् । भाद्र २४ गते जेनजीका नाममा भएको आगजनी र तोडफोडमा संलग्नलाई समेत कारबाही गर्नुपर्ने उनीहरूले माग गरेका छन् ।

जेनजी २.० समूहका प्रवक्ता अविन लिम्बूले छलफलको क्रममा गृहमन्त्रीले दोषीलाई कारबाहीको लागि प्रतिबद्ध रहेको बताएको जानकारी दिए । उनले आगामी निर्वाचनमा सरकारलाई सहयोग गर्न पनि आग्रह गरेका थिए । साथै जेनजीमाथि कारबाही गर्दा नियत बुझ्न पनि उनले अनुरोध गरे । नियत सफा भए पनि तोडफोडमा संलग्नमाथि मानबीय भावना हुनुपर्ने उनले तर्क राखे । उदाहरण दिंदै भने, जस्तो केही जेनजी युवाहरुलाई भ्रष्टाचारको अखडा यो सरकारी कार्यालय हो, यसलाई ध्वस्त गरयो भने देशबाट भ्रष्टाचार अन्त्य हुन्छ भनेर युवाको दिमाग भुटिदिए अनि ती अवोध युवाले भबन जलाए ।

भेटघाटको क्रममा उनीहरुले जेनजी २.० समूहले मंसिर १२ गते माइतीघर मण्डलामा कार्यक्रम गर्ने पनि जानकारी मन्त्री अर्याललाई गराए । त्यस कार्यक्रममा उपस्थितिका लागि पनि उनीहरुले गृहमन्त्री अर्याललाई निम्तो दिए ।

## पूर्वमन्त्री चौधरीको पहलमा निर्मित एक सय सुरक्षित घरहरू हस्तान्तरण

मोरङ । सुनसरीको गढी, बर्जु गाउँपालिका, दुहवी र इनरुवा नगरपालिकाका अति विपन्न परिवारका लागि निर्माण गरिएका एक सय नयाँ घर हस्तान्तरण गरिएको छ । गढी गाउँपालिका-२ स्थित कोलर्हवा सामुदायिक ग्राममा मंगलबार आयोजित विशेष समारोहमा एकसय घरहरु गरिब, विपन्न नागरिकलाई हस्तान्तरण गरिएको हो ।

सुनसरी निर्वाचन क्षेत्र नं. ३ की निवर्तमान सांसद समेत रहेकी पूर्वमन्त्री भगबती चौधरीको विशेष पहलमा निर्माण गरिएका वातावरणीय भूकम्प प्रतिरोधी तीन कोठे घरहरु हस्तान्तरण गरिएको हो । ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड)ले अन्तर्राष्ट्रिय दातृ निकाय संस्था बुद्धिष्ट चुजी च्यारिटी फाउन्डेसनको वित्तीय सहयोगमा निर्माण गरिएका उक्त घरमा २ वटा शयन कक्ष, एक भान्सा कोठा, शौचालय र खानेपानीका लागि कल समेत जडान गरिएको छ । गरिब र विपन्न समुदायका लागि सुरक्षित आवास निर्माण परियोजनाअन्तर्गत निर्मित घरहरुको लागत ६ लाख ५० हजार छ ।

भवन हस्तान्तरण कार्यक्रममा बोल्दै पूर्वमन्त्री भगबती चौधरीले आफ्नो निर्वाचन क्षेत्रका गरिब, विपन्न, दलित, मुसहर, ऋषिदेव जस्ता भूमिहिन जनताको आवासका लागि आफ्नै घरमा बस्ने ब्यवस्था गर्न आफ्नो लामो समयदेखिको योजनाको केही अंश पुरा भएको बताइन् । 'आफ्नो निर्वाचन क्षेत्रलाई विकासकै नमूना क्षेत्रका रुपमा परिभाषित गर्न सकुँ भन्ने मेरो ध्येय थियो, यहाँका गरिब, विपन्न, असहाय, दलित, मुसहर, मोची राम समुदाय जसको आजसम्म कुनै जग्गा जमिन थिएन, बस्नलाई सुरक्षित घर थिएन उहाँहरुको पिडादायी, कष्टकर जीवनमा थोरै भएपनि मल्हम लगाउन सक्यौं ।' फरवार्डकी संस्थापक समेत रहेकी चौधरीले भनिन् ।

आफ्नो निर्वाचन क्षेत्र विकासका दृष्टिकोणले जिल्लाकै सबैभन्दा पछि परेको क्षेत्र भएकोले त्यहाँका जनताको जीवनस्तर उकास्न आफुले सक्दो प्रयास गरिरहेको र आउँदा दिनहरुमा पनि गरिरहने बताउँदै चौधरीले जनताहरु विकासका आधारभूत आवश्यक्ताबाट पूर्ण भएपछि मात्र देश सम्पन्न हुने जिकीर गर्नुभयो । 'देश त्यत्तिबेला मात्र सम्पन्न र सवल हुन्छ जतिबेला जनताहरु विकासका आधारभूत तत्वबाट पुर्ण हुन्छन् । गाँस, बास र कपाससँगै शिक्षा, स्वास्थ्य, सडक, पुल, खानेपानी, सिचाई, सूचना सञ्चार, रोजगारीमा जनताको सहज पहुँच पुगेपछि मुलुक आत्मनिर्भर र सवल हुन्छ ।' मुलुकलाई आत्मनिर्भर, जनतालाई समृद्ध बनाउने कार्यमा कुनै एक पक्षले मात्र प्रयास गरेर सार्थक नहुने भन्दै पूर्वमन्त्री चौधरीले देश र समाज निर्माणमा सबैको सामुहिक प्रयास हुनु अपरिहार्य रहेको पनि बताइन् ।

## संयुक्त नागरिक...

पासवान, भिम बहादुर कार्की, विरेन्द्र राम, सिकिन्द्र शाह, भोला पासवान, पुकार माझी, रामचन्द्र शाह लगायत रहेका छन् ।

पार्टीका केन्द्रीय उपाध्यक्ष तथा मधेस प्रदेश ईन्चार्ज डा. बलराम विश्वकर्मा (सैलेश) को अध्यक्षतामा सम्पन्न भेलालाई प्रमुख अतिथीका रुपमा पार्टीका केन्द्रीय अध्यक्ष दलमर्दन कामीले सम्बोधन गरेका थिए ।

त्यस्तै सो कार्यक्रममा वरिष्ठ उपाध्यक्षद्वय डा.जीत घले तथा प्रेम बहादुर कार्की,महासचिव डा.तेज रोक्का, सहमहासचिव तथा पार्टी प्रवक्ता विदुर अधिकारी, केन्द्री सदस्य सुजन उपरकोटी अतिथीका रुपमा रहेका थिए भने कार्यक्रम संचालन नवीन साहले गरेका थिए ।

# नेपाल–भारत डिजिटल करिडोर अवधारणागत ढाँचा सार्वजनिक



काठमाडौं । कम्प्युटर एसोसिएसन नेपाल (क्यान) ले नेपाल-भारत डिजिटल करिडोरको अवधारणागत ढाँचा औपचारिक रूपमा सार्वजनिक गरेको छ।

दक्षिण एसियाको डिजिटल रूपान्तरणलाई तीव्र गतिमा अघि बढाउने उद्देश्यसहित तयार गरिएको यो फ्रेमवर्क क्यान फेडरेसनका वरिष्ठ उपाध्यक्ष तथा आइसीटी नीति विशेषज्ञ चिरन्जिबी अधिकारीको नेतृत्वमा विकसित गरिएको हो।

अधिकारी विगत तीन दशकदेखि नेपालमा डिजिटल नीति निर्माण, आइटी कानून, इ-शासन (ई-गर्भनेन्स), एआई नीति तथा डिजिटल सरकारका लागि रणनीति निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका वरिष्ठ आइसीटी नीति विशेषज्ञ हुन्।

डिजिटल करिडोरले नेपालको आइटी दशक २०२४-२०३४ को लक्ष्यलाई भारतको डिजिटल पब्लिक इन्फ्रास्टक्चर (डिपिआइ) सँग जोडेर दुवै देशबीच सुरक्षित, दिगो र नवप्रवर्तन-केन्द्रित वातावरण निर्माण गर्ने लक्ष्य राखेको छ।

यसमा क्रस-बोर्डर फिनटेक एकीकरण, स्टार्टअप तथा नवप्रवर्तन सहकार्य, सीप र प्रमाणपत्र विनिमय, साइबर सुरक्षा साझेदारी, एआई तथा अनुसन्धान सहयोग, डिजिटल पूर्वाधार विस्तार र नीतिगत समायोजनजस्ता सात प्रमुख आधारस्तम्भ समावेश छन्।

अधिकारीका अनुसार, डिजिटल कोरिडोर प्राविधिक परियोजना मात्र नभई साझा आर्थिक दृष्टि हो। जसले नेपाललाई विश्वस्तरको सफ्टवेयर तथा आउटसोर्सिङ हब बनाउन मद्दत गर्नेछ।

क्यान फेडरेसनले यस कोरिडोरले नेपालमा १५ लाख आइटी रोजगारी सिर्जना गर्ने र तीन अर्ब अमेरिकी डलर बराबरको आइटी सेवा निर्यात लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुऱ्याउने जनाएको छ।

सन् १९९२ मा स्थापित क्यान फेडरेसन नेपालभरका प्रदेश, जिल्ला, उद्योग, पेशेवर तथा विद्यार्थीहरूलाई समेट्ने सबैभन्दा ठूलो आइसिटि संगठन हो, जसले नेपालका प्रमुख डिजिटल परिवर्तन परियोजनाहरूमा नेतृत्व गर्दै आएको छ।

## प्रधानसेनापति र भारतीय सेनाका केन्द्रीय कमान्डका लेफ्टिनेन्टबीच भेटवार्ता



काठमाडौं । नेपाल भ्रमणमा आएका भारतीय सेनाका केन्द्रीय कमान्डका लेफ्टिनेन्ट जनरल अनिंद्य सेनगुप्ताले नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलसँग भेटवार्ता गरेका छन् । हिजो नेपाल आइपुगेका जनरल सेनागुप्ता आज सैनिक हेडक्वार्टर भद्रकाली गएर प्रधानसेनापतिसँग भेटवार्ता गरेका हुन् । दुई जनाको भेटघाटमा नेपाल र भारतको सुरक्षा सहयोगलाई अझ कसरी सुदृढ पार्ने विषयमा कुराकानी भएको बताइएको छ । लेफ्टिनेन्ट जनरल सेनगुप्ताको भ्रमणका दौरान हुने भेटघाट लगायतका कार्यक्रमले भारत र नेपालबिचको सैन्य सम्बन्ध तथा दुई देशको मित्रतालाई अझ सुदृढ बनाउन योगदान पु-याउने विश्वास लिएको छ ।

## आन्दोलन...

दोषीहरुसँग बयानसमेत लिन नसकिएको भन्दै आयोगपनि निकम्मा भएको उनको आरोप छ ।

जेलबाट बाहिर निस्किएको भनेर रास्वपाका सभापति रवि लामिछानेलाई बयान लिने सरकारले भदौ २३ गते जेनजी आन्दोलनमा दमन गर्ने र युवाहरुलाई हत्या गर्ने तत्कालिन प्रधानमन्त्री र गृहमन्त्रीलाई अहिलेसम्म किन बयान नलिएको भनेर पूर्वमन्त्री साहले प्रश्न गरे ।

'रवि लामिछानेलाई सिंहदरबारमा बोलाएर बयान लिने सरकारले जेनजी आन्दोनलमा दमन गर्ने र हत्या गर्नेहरुलाई किन बयान लिन सकेन ? किन डराएर बसेको छ ? एउटा आयोगको पदाधिकारीको पनि यो सरकारले सुरक्षा लिन नसक्ने अवस्था छ, अनि कसरी चुनाव गराउँछ ?' आजपा अध्यक्ष साहले प्रश्न गरे ।

उनले सुशीला सरकारलाई शान्ति, सु-व्यवस्था र अमनचयन कायम गर्ने कुरामा ध्यान दिँदै २१ फागुनको निर्वाचन सफल बनाउनमात्रै सम्पूर्ण तागत लगाउन सुझाव दिए । उनले सरकार चुनाव गराउने कुरामा गम्भीर नभएको विषय सरकारमा सहभागी मन्त्रीहरूको चरम महत्वकांक्षाले पनि पुष्टि गरिसकेको आरोप लगाए । उनले निर्दलीय सरकारमा बसेर कुलमान घिसिङले दल खोलेर राजनीति गरेको भन्दै राजनीति नै गर्न मन लागेको भए जेन-जी आन्दोलनअघि किन दल नखोलेको र अहिले निर्दलीय सरकारमा बसेर किन दल खोलेको भनेर प्रश्न गरे ।

गृहमन्त्री अर्याललाई तत्काल लुटिएका हतियार र फरार कैदीबन्दीहरु नियन्त्रणमा लिएर चुनाव गराउन सक्छु भन्ने सन्देश दिन साहको सुझाव छ । गृहमन्त्री लुते भएकै कारण आज जसले गृहमन्त्रीको कुर्सीमा राखेको उनीहरुले नै राजीनामा मागेको भन्दै यो माग जायज रहेको पनि साहको टिप्पणी छ । बोल्ड गृहमन्त्री भएको भए देशव्यापी रुपमा एमालेले अराजकता र जेनजी युवाहरुलाई हातपात गर्न नसक्ने उनको ठम्याई छ ।

बाराको सिमरामा भएको घट्नामा पनि प्रहरी प्रशासनको अगाडि जेनजी युवाहरुलाई शान्तिपूर्ण प्रदर्शन गरेकै कारण कुटपिट भएको भन्दै यस्ता घट्ना दोहोरिन नदिनको लागि सरकारलाई चेतावनी दिए ।

जेन-जी आन्दोनलपछि दल खोल्ने होडबाजी चलेकोप्रति पनि साहले गम्भीर टिप्पणी गरे । उनले अवसरवादीहरुले चुनावलाई मात्रै ध्यानमा राखेर दल खोलेको भन्दै यिनीहरुले देश र जनता नै नबुझेको आरोप लगाए । उनले भने, 'हिजो देशको पक्षमा काम गर्नको लागि यिनीहरुलाई के कुराले रोक्यो ? अहिले चुनावको लागि मात्रै अवसर छोप्नको लागि यिनीहरु दल दर्ता गर्दैछन्, यो कुरा जनताले नजिकबाट हेरिरहेका छन् । दल खोल्नेपनि फेशनजस्तो भयो, चुनावमा उठेर सांसद बनिहाल्छुकी भनेर नाटक चलिरहेको छ, जनताको पक्षमा काम गर्ने र देशको हितको लागि भनेर यिनीहरुले दल खोलेकोजस्तो मलाई लाग्दैन ।'

एमाले अध्यक्ष केपी ओलीको कारण मुलुक मुठभेडको अवस्थामा जाने खतरा रहेको पनि उनको टिप्पणी छ । साहले जेनजी आन्दोलनमा दमन गरेका ओलीले चुनाव भाँड्नेगरि पार्टी पँक्तिलाई दुरुपयोग गरेको र दिनदिनै नयाँ नयाँ नाटक मञ्चन गरेको भन्दै देशभक्त एमालेजनले अब चुनावको लागि हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने बेला आएको बताए । साहले राज्य सत्ताको नेतृत्वबाट आफ्नै हठको कारण पछारिनुपरेका ओलीले अब पार्टी सत्ताबाट पनि हात धुनुपर्ने दिन आउन लागेको भन्दै अहिले युवा दस्ता तयार पारेर शक्ति प्रदर्शनमा उत्रिएको भन्दै तमाशा देखाउन बन्द गर्न सुझाव दिए ।

आजपा सिन्धुपाल्चोकका जिल्ला अध्यक्ष गणेश श्रेष्ठको अध्यक्षतामा सम्पन्न बैठकमा आजपा सहअध्यक्ष एंव संविधान सभाका सभाषद तिलक थापामगर, वागमती प्रदेशका इन्चार्ज धनकुमारी मगर, वाग्मती प्रदेश अध्यक्ष पसाङ तामाङ, सचिवालय सदस्यहरु सुभाष साह, रन्जु साह, सिमा जैसवाल, बिन्दा कटुवाल, अन्जना तामाङ, सुनिता तामाङ, सुमन गुरुङ, कोशिला देवी साह लगायतको बिशेष सहभागिता रहेको आजपा सचिवालय सदस्य सुभाष साहले जनाएका छन् ।


## अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाईः

- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरु पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरुलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरुमा सहभागी गराऔं ।

अपाङ्गता दिवस, २०८२ भव्यरुपमा मनाऔं, समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं